# प्राङ्गारिक कृषि बस्तु उत्पादनमा कृषकहरुको प्रयास, समस्या र सुझाव

उद्धव अधिकारी
पञ्चकन्या प्राङ्गारिक कृषि सहकारी संस्था लि. काभ्रेस्थली, काठमाडौं

## पृष्ठभूमि

पूर्खाहरुले गर्दै आएको पद्धती भएतापनि '*प्राङ्गारिक*' भन्ने शब्द भने बहुसंख्यक किसानहरुलाई अपरिचित हुन सक्छ । तथापि जब कृषकले त्यसको मर्म बुझ्छ, केही गर्न शुरु गर्छ । त्यसपछि ऊ सफलतातर्फ उन्मुख छ भन्ने अनुमान गर्न सकिन्छ । अझ रसायनिक मल तथा विषादीको प्रत्यक्ष, अप्रत्यक्ष असरको विषयमा कृषकदेखि उपभोक्तसम्म जानकार भएमा यसको सफलताले निकै गति लिन थाल्दछ । स्वास्थ्य रहने हो भने आजैबाट कृषकले खेतबारीमा प्रयोग गर्दै आईरहेको रसायनिक पदार्थहरुको अन्त्य गरी जैविक बस्तुहरुको प्रयोगमा बढावा दिनु पर्दछ भने उपभोक्तहरुले पनि प्राङ्गरिक उत्पादनलाई खोजिखोजी उपभोग गर्नु पर्दछ । हो, सगरमाथा चढ्नलाई अथाहा सम्पत्ति खर्च गरेर ज्यानको बाजी लगाउन कसैलाई पनि सहज हुँदैन, तर सफलता पछिका दिनहरु आरोहीहरुका लागि अत्यन्त स्वर्णिम दिन भएको हामीले देख्दै आएका छौ । यो सन्दर्भ मैले किन जोड्न खोजेका हो भने कृषकलाई प्राङ्रिक उत्पादन गर्दा हुने झन्झट र उपभोक्तालाई बजारमा प्राङ्गरिक उत्पादन खोज्दा हालका दिनहरुमा हुने अप्ठ्यारा, असजिलाहरु सहज छैनन् । तर यदी हामी हाम्रो स्वास्थ्य र वातावरणको विषयमा एकै छिन घोत्लिने हो भने कठिन नै भएपनि प्राङ्गारिक कै बाटो रोज्ने छौं । किनकी हामीलाई स्वर्णिम भविष्यमा बाँचेर भावी सन्ततिहरुलाई स्वास्थ्य, सबल र सबालाङ्ग पार्दै हामीले जिउँदो माटो हाम्रा भावी पुस्तालाई सुम्पिन पायौं भने योभन्दा गर्व र धर्मको कुरा अरु के हुन सक्छ ? जन्मिएको ६ महिनादेखि खाँदै आएको खाद्य बस्तुलाई हामीले यो अध्ययन गर्नुभन्दा केही बेर अघिसम्म पनि खाँदै छौं र केही समयपछि पनि अवश्य खानै पर्दछ । नत्र हाम्रो शरीर विस्तारै सिथिल हुँदै शुन्यतिर लाग्दछ । तसर्थ यस्तो शरिरको कण–कणसंग जोडिएको खाद्य बस्तुलाई उत्पादन गर्दा रसायनिक पदार्थको प्रयोग गरी रोगकिरा नियन्त्रण गर्न घातक बिषादी मार्फत उत्पादन गरेर हाम्रो भोक र प्यासलाई मेटाउँदा हाम्रो शरीर आज तासको घर जस्तै भैसकेको छ । अधिकांश मानिसहरु स्वास्थ्य संस्थाहरुमा ओहिरी रहेका छन् । देशमा अस्पताल तथा शैयाहरुको आवश्यकता दिन प्रतिदिन बढ्दो छ । नयाँनयाँ रोग र औषधीहरुको म्याराथुन चलिरहेको छ । अझ कयौं रोगहरुका औषधीहरु पत्ता लाग्न सकिरहेका छैनन् । जीवनको अधिकाशं कमाई औषधोपचारमा खर्च भैरहेको छ । तरपनि रोग निर्मूल हुने सम्भावना धेरै रोगहरुको छैन । एकातिर मानवको स्थिति दयनीय छ भने अर्को तर्फ कृषि योग्य जमीनमा मित्रुजीवहरु लगभग लोपन्मुख अवस्थामा छन् । तथापी सत्रुजीवहरु एकपछि अर्को विषादीलाई पचाउँदै पहिले १ मि.लि. विषादी बराबर ५ लिटर पानी मिसाएर खेतबालीमा छर्दा मर्ने किराहरु अब त्यसको दशौ भाग बढाउँदा पनि असर गरिरहेको छैन । एवं रीतले विषादीको मात्रा बढाउँदै जाने हो भने जमीनको साथै सम्पूर्ण वातावरणको स्थिती के होला ?

आधिकांश माटो एवं बालीको अभिभावकको भूमिका निभाईरहेका किसानहरु अन्यौल ग्रस्त छन् । उनलाई बलीको बोका बन्न बाध्य तुल्याइएको छ । किनभने ४६ प्रतिशत नाइट्रोजन लेखिएको रसायनिक मलमा लेखे बमोजिम नाइट्रोजन मात्रा पत्ता लगाउन सामान्य कृषकको लागि असम्भव प्राय हो । त्यहि पनि कृषकले सहि समयमा पाउन नसकेर आन्दोलित भईरहेका हामीले देखिरहेकै छौं । माटो रोइरहेछ । अधिकांश खेती योग्य जमीनहरु कि त मरिसके, कि मर्ने क्रममा लाइनमा उभिएर बसिरहेका छन् । जसले औषधी उपचार गर्ने हो ऊ नै जान अन्जान औषधी बशको नाउँमा बिष पिलाइरहेको छ । विषको मात्रा तोक्ने काम अझैपनि देश बनाउने नीति निर्माताहरुले गरिरहेको छन् जुन धतीको माटोमा हामी उभिरहेका छौं, भोली हाम्रा छोरा, नाती, पनाती हुँदै ब्रम्हाण्ड रहेसम्म यहाँ जीव जिवात्मा रहिरहनेछन् र प्रकृतिलाई डोहोऱ्याई रहनेछन् । तर अनन्त कालसम्म रहनुपर्ने सृष्टिको नियमलाई चाँडै धनी बन्ने लालसमा हामी प्रतिदिन तोड्दै छौ । अब हामी केही समयको लागि भोको पेट बस्नु परेपनि विष खाएर पेट भर्न तिर नलागौं । बरु थोरै नै भएपनि अमृतको खोजी आजैबाट शुरु गरौं । प्राङ्गारिक उत्पादनको स्थानीय बजारलाई विकास गर्ने सन्दर्भमा सर्वप्रथम उपभोक्ताले पसलमा जहिले पनि प्राङ्गरिक उत्पादनको माग गर्ने हो र प्राङ्गारिक बेगरका उत्पादनहरु खरीद नगर्ने हो

भने व्यापारीले पनि कि त प्राङ्गरिक उत्पादन तर्फ लाग्न कृषक व्यावसायीहरुलाई प्रेरित गर्दछ कि व्यापारी स्वयंम् त्यस उत्पादनको खोजीमा निस्कन्छ । किनभने ग्राहकको चाहना अनुरुप बग्नुमा नै उसको भलाई हुनेछ । त्यसैले यसको बजारलाई विकास गर्ने हो भने उपभोक्तालाई पहिले सचेत गराइनु पर्दछ । यो नै सफलता तर्फ उन्मुख हुने मुल बाटो हो । कृषकले प्राङ्गारिक खेति शुरु गर्दा विविध कठिनाईहरु झेल्नु पर्ने हुन्छ । ऊ चेतनशिल भएर वा देखासिकी गरेर धैरै परिश्रम गर्दछ र उत्पादन निकाल्दछ । तर चेतना नभएका पसले वा ग्राहकले त्यसलाई हेर्न पनि चाँहदैन । किनभने प्राङ्गारिक उत्पादन हेर्दा राम्रो, चिल्लो, ठूलो तथा आकर्षक नहुन पनि सक्छ । उत्पादन गर्दा लागेको ज्यादा परिश्रम र लगानीलाई व्यापारी तथा उपभोक्ताहरुले नचिनिदिने हो भने प्राङ्गरिक उत्पादनको कुनै अर्थ हुने छैन र जान्नेलाई श्रीखण्ड नजान्नेलाई खुर्पाको बिंड भन्ने उखान चरितार्थ हुन आउँदछ ।

प्राङ्गरिक उत्पादनमा कृषक र उपभोक्ताको बीचमा पुलको रुपमा काम गर्ने सबैभन्दा महत्वपूर्ण विषय भनेको प्रमाणीकरण पनि हो । अन्यथा, यहाँ कतिपयले प्राङ्गारिकको नाउँमा अप्राङगारिक बस्तुहरुले चलखेल गर्ने प्रयास गर्नेछन् भने वास्तविक प्राङ्गारिक उत्पादक कृषकहरुको मनोबल घट्न गई उद्देश्य अनुरुपको कार्य नहुन सक्दछ । त्यसैले सुलभ र प्रभावकारी प्रमाणीकरणको व्यवस्था त्यस उत्पादनको लागि अत्यन्त आवश्यक पक्ष हो । नेपाल विश्व व्यापार संगठनमा प्रवेश गरी सकेको सन्दर्भमा ६७ प्रतिशत कृषि पेशा संग्लन कृषकहरुलाई प्राङ्गारिक खेतीतर्फ उन्मुख गराई हाम्रा उत्पादनहरुलाई विश्व बजारमा लगी विदेशी मुद्रा आर्जन गर्नको लागि पनि यो प्रमाणीकरणको महत्व झनै ठूलो छ । त्यसतर्फ सम्बन्धीत निकायहरुको सहयोग वान्छनीय हुनेछ ।

### पञ्चकन्या प्राङ्गारिक कृषि सहकारी संस्थाको प्रयास र अनुभव

पञ्चकन्या प्राङ्गारिक कृषि सहकारी संस्था लि. काठमाडौ जिल्ला काभ्रेस्थलीमा रहेको छ । २०५८ साल जेठमा मिश्रित कृषि समुहको रुपमा गठन भएको यस सहकारी संस्थाको २०६० श्रावणमा पूर्नगठन गरी महिलाहरु मात्र रहने व्यवस्था गरियो । २०६१ बैशाख ११ गते यो संस्था सहकारीमा दर्ता भयो । हाल यस संस्थामा ३७ जना महिला सदस्यहरु आवद्ध छन् ।

### प्राङ्गारिक खेति तर्फको प्रयासहरु

- २०६० श्रावण ४ गते २०० रोपनीमा विषादी रहित क्षेत्र जिल्ला कृषि विकास कार्यालयको उपस्थितिमा घोषणा ।
- २०६० आश्विन १ गते देखि रसायनिक मल समेत प्रतिबन्धित ।
- रसायनिक मल तथा विषादीको प्रयोग नगर्ने संपूर्ण सदस्यहरुद्वारा तामातुलसी टाउकोमा राखी प्रतिवद्धता व्यक्त ।
- विभिन्न संघ, संस्थाहरुसंग मिलेर स्थानिय स्तरमा जनचेतनामूलक र्‍याली तथा दिवसहरु मनाइएको ।
- सम्वन्धित निकायहरुको सहयोगमा कृषकस्तरको तालीम तथा गोष्ठीहरुको आयोजना ।
- प्राङ्गारिक कृषि क्षेत्रलाई बढाउन छिमेकी कृषकहरुको जमिन भाडामा लिई खेती गरिएको ।
- प्लाष्टिक घरहरुको निर्माण ।
- उत्पादन बिक्रिका लागि भाटभटेनी, ब्लुबर्ड, अर्गानिक भिलेज लगायत स्थानहरुमा प्रयास ।
- प्राङ्गारिक क्षेत्र घुम्न आउने कृषक, विद्यार्थी, कार्मचारी, विदेशीहरुलाई निःशुल्क अवलोकन व्यवस्था ।
- विभिन्न कृषि तथा वातावरणीय मेलाहरुमा उपिस्थित भई बिना व्यवसाय प्राङ्गारिक कृषिको व्यापक प्रचार प्रसार गरिएको ।

**समस्या**

- गैर सरकारी निकायहरुको कार्यक्षेत्र नपर्नु ।
- नीति निर्माताहरुको इच्छा शक्तिको अभाव ।
- प्राङ्गारिक वा खेती योग्य जमिन संरक्षणका बारेमा सरकारी दृष्टिकोणको अभाव ।
- स्थानीय स्रोत, साधनहरुको पहिचान, प्रशोधन र प्रयोग सम्वन्धि जानकारीको अभाव ।
- प्लाष्टिकका घरहरुको पयाप्त सुविधा नहुनु ।
- बाह्रै महिना उत्पादन दिन नसक्नाले बजार अस्थिर ।
- देश भोकमरी ग्रस्त राष्ट्रको लिष्टमा पर्नु ।
- जैविक प्रविधी सम्बन्धि ज्ञान भएको प्राविधिकहरुको अभाव ।
- प्राङ्गारिक खेती नगर्नेलाई संस्थाको सदस्यता नदिनाले सदस्य संख्या बृद्धि नहुनु ।
- बाह्रै महिना सिंचाई सुबिधा नहुनु ।
- राज्यले कृषिलाई विनियोजन गरेको रकम अत्यधिक न्यून हुनु ।
- प्राङ्गारिक उत्पादनहरुको विशेष बजार व्यवस्थापन नहुनु ।

**सुझाव**

- दिगो कृषिलाई प्राथमिकता दिई सकारी नीति नियमहरु बन्नु पर्ने ।
- स्थानीय स्तरमा माटोका खाद्यतत्वहरुको खोजी गरी दीर्घकालिन समाधान वा बैकल्पिक व्यवस्था हुनुपर्ने ।
- जैविक मल तथा औषधीहरु विदेशी डलर तिरेर भित्र्याउनुभन्दा आफ्नै स्रोत र साधनहरुको पहिचान र परिचालनमा जोड दिनुपर्ने ।
- सरकारले प्राङ्गारिक पकेट क्षेत्रहरुको घोषणा गरी निश्चित समयका लागि कृषकहरुलाई जमीन उपलब्ध गराउनु पर्ने ।
- राजधानी आसपास लगायत देशका शहरोन्मुख कृषि योग्य जमीनहरुमा प्लटिङ्ग गरी घडेरी विक्री गर्ने कार्यलाई तत्काल निरुत्साहित गरिनुपर्ने ।
- हाम्रो देश WTO को सदस्य भइसकेको हुँदा आयातभन्दा निर्यात योग्य कृषि बस्तुहरुको उत्पादनमा जोड ।
- अस्पताल खोल्न लगानी गर्नुभन्दा विरामीको संख्या घटाउने प्राङ्गारिक कृषिमा लगानी बढाउनु उपयुक्त हुन्छ ।
- विद्यालयका पाठ्यक्रमहरुमा प्राङ्गारिक विषय समावेश गरिनु पर्छ ।
- रैथाने बीउहरुको संरक्षण हुन जरुरी छ ।
- बहुराष्ट्रिय कम्पनीहरुको जालोबाट बाहिर निस्कने प्रयास हुनुपर्छ ।

**प्राङ्गारिक खेतिबाट प्राप्त उपलब्धीहरु**

- माटोमा सुधार भएको ।
- उत्पादनमा गुणस्तर बढेको ।
- मित्र् जीवहरुको संख्यामा बृद्धि भएको ।
- पशुवस्तुमा लाग्ने रोगहरुमा कमी आएको ।

- कृषि सडकको निर्माण भएको ।
- संकलन केन्द्रको निर्माण भएको ।
- सहकारी विकास बोर्डको ऋण सहयोगमा २ आना जग्गा खरिद र स्थानीय कृषकबाट २ आना निःशुल्क दान मार्फत प्राप्त गरी जम्मा ४ आना जग्गा उपलब्ध ।
- नेपालको पहिलो कृषि सहकारी हुन सफल ।
- स्थानीयस्तरमा रहेका विकास निर्माणहरु बाटो, खानेपानी, मन्दिर, सार्बजनिक जमीन संरक्षण लगायत न्यायीक भूमिका समेत निर्वाह गरिएको ।
- प्राणी हत्याको मात्रामा अत्याधिक कमी भई कृषकहरुमा धार्मिक भावको महशुस ।
- देशका विभिन्न स्थानमा कृषकहरु स्वतस्फूर्त ढंगले प्राङ्गारिक खेती तर्फ लाग्दै गएको ।
- कृषकहरु स्वयम्मा प्राङ्गारिक कृषि गरेकोमा गर्वको महशुस ।
- बिभिन्न पत्रपत्रिका, टेलिभिजन, रोडियो लगायतका राष्ट्रिय सञ्चार माध्यमहरुमा स्थान प्राप्त हुनु ।